## मिति २०८३/५/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

१. प्रधानाध्यापक नियुक्ति कार्यविधि सम्बन्धमा ।

२. उदघाटन खर्च सम्बन्धमा।

३. सिसि क्यामेरा जडान सम्बन्धमा ।

४. विक्रम सोलार लिफ्ट खानेपानी मर्मत सम्बन्धमा ।

*निर्णयहरुः-*

निर्णय नं. १

प्रस्ताव नं .१ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धि कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं .२ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र निर्माण भएका विभिन्न योजनाहरुको निर्माण सम्पन्न पश्चात उदघाटन गर्दा भएको तपशिल बमोजिमको खर्च रकम भुक्तानी दिने निर्णय गरियो ।

*तपशिल*

(क) वडा नं. ८ को लाहापे लिफ्ट खानेपानी योजना उदघाटन खर्च रु २५०००।

(ख) वडा नं. १० को हर्रे स्वास्थ्य इकाई भवन उदघाटन खर्च रु २५०००।

निर्णय नं. ३

प्रस्ताव नं .३ माथि छलफल गर्दा यस नगरपालिकाका सवै वडा कार्यालयहरुमा सिसि क्यामरा जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं .४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १४ मा विगत लामो समय देखि संचालित विक्रम सोलार लिफ्ट खानेपानी योजना बिग्रेकोले उक्त खानेपानी योजना मर्मत सुधार (आवश्यक्ता अनुसार खरिद) गर्ने। मोटर मर्मत भए ५० प्रतिशत अनुदानमा मोटर मर्मत शिर्षकमा रहेको रकमबाट र अन्य बिग्रेको भए नियमानुसार गत मौज्दात सरेको रकमबाट मर्मत गर्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

प्रमुख प्रशासकीय अधिकृत